# समसामयिक किराती कवितामा पर्यावरणीय चेतना

**यसोदा राई**[१]
<yashodararai@gmail.com>
DOI : https://doi.org/10.3126/kp.v5i5.95202

**लेखसार**

*प्रस्तुत लेख पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यतामा केन्द्रित रही समसामयिक किराती कवितामा पर्यावरणीय चेतनाको अध्ययन र विश्लेषणमा आधारित रहेको छ । समसामयिक किराती कवितामा पर्यावरणको स्वरूप केकस्तो रहेको छ र किराती कविहरूले पर्यावरणीय चेतनालाई समसामयिक कवितामा कसरी प्रतिविम्बन गरेका छन् भन्ने जिज्ञासाको समाधान गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । यस अध्ययनमा आधारभूत र द्वितीयक स्रोतबाट सामाग्री लिई पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यतालाई पाठ विश्लेषणको मुख्य विधिको रूपमा अँगालिएको छ । यसै गरी किराती कविताहरूको विश्लेषणका क्रममा मूलतः आदिवासी किरातीहरूको प्रकृतिसम्बद्ध संस्कृति, जल, जमिन र जङ्गलसँगको नैरन्तर्य सम्बन्ध र प्राकृतिक विनाशको कारण पर्यावरणमाथि परेको नकारात्मक प्रभावसँग सम्बद्ध पर्यावरणीय आवाज र चेतनालाई प्रखर रूपमा अभिव्यक्त गरिएको छ भन्ने तथ्यलाई पुष्टि गरिएको छ । समसामयिक किराती कवितामा प्रकृतिसम्बद्ध संस्कृति, जल, जमिन र जङ्गलसँगको नैरन्तर्य सम्बन्ध र प्राकृतिक विनाशको कारण पर्यावरणमाथि परिरहेको नकारात्मक प्रभावसँग सम्बद्ध पर्यावरणीय मूल्यमाथि विमर्श गर्दै पर्यावरणीय आवाज र चेतनालाई अभिव्यक्त गर्नुमा आदिवासी किराती कविहरूको प्रमुख ध्येय देखिएकाले उनीहरूले पर्यावरणीय आवाज र चिन्तनलाई महत्वकासाथ प्रभावशाली र रागात्मक शैलीका माध्यमबाट प्रतिविम्बन गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनबाट निकालिएको छ ।*

**शब्दकुञ्जी :** पर्यावरण, रैथाने संस्कृति, प्रकृति, सभ्यता, मुन्दुम ।

## विषयपरिचय

जीवनजगत्सम्बन्धी विषय भाव वा विचारको लयबद्ध र सुन्दर भाषिक अभिव्यक्तिलाई नै कविता भनिन्छ । यिनै कवितालाई विश्लेषण गर्ने विभिन्न आधारहरु छन् । ती विविध आधारहरूमध्ये पर्यावरणीय आधार पनि एउटा प्रमुख आधार हो । त्यसैले प्रस्तुत लेखमा पर्यावरणसम्बन्धी सैद्धान्तिक आधारमा केन्द्रित रही समसामयिक किराती कविहरूबाट लेखिएका कविताहरूलाई विश्लेषणका लागि छनोट गरिएको छ ।

आफ्नै मौलिक भाषा, धर्म, संस्कृति, भूगोल, इतिहास, परम्परा र रीतिरिवाज भएका

१ त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधिरत राई ब्रिटिस गोर्खा कलेजमा अध्यापन गर्नुहुन्छ ।

आदिवासी जातिलाई किराती भनिन्छ । आदिमकालदेखि बसोबास गर्दै आइरहेको नेपालको आदिवासी जातिहरूमध्ये किराती एक हो । समकालीन सन्दर्भमा प्रकृतिका ह्रासोन्मुख विविध विषयसँग आबद्ध भएर साहित्यको अध्ययन गर्ने नवीन चिन्तन वा पद्धति नै पर्यावरणीय समालोचना हो । राज्यसत्ता वा केन्द्रद्वारा मूलप्रवाहमा नल्याइएका र उत्पीडनमा पारिएका किराती कविहरूले आफ्ना कविता विधाका माध्यमबाट पर्यावरणीय चेतनालाई अभिव्यक्त गरिरहेका छन् । यसै सन्दर्भमा किराती कविहरूबाट लेखिएका कविताहरूलाई विश्लेषण गर्दा यस अध्ययनमा सशक्त किसिमले पर्यावरणीय चेतनालाई प्रतिविम्बन गरिएको पाइएको छ । यी कविताहरूका बारेमा अध्येताहरूले विभिन्न आधारबाट अध्ययन विश्लेषण गरेको भेटिए तापनि तिनमा पर्यावरणीय चेतनासम्बद्ध अध्ययन विश्लेषणमा त्यति ध्यान पुग्न नसकेको देखिन्छ । त्यसैले यही ध्यान नपुगेको रिक्ततालाई पूरा गर्न यस लेखमा पर्यावरणीय चेतनाको विश्लेषणलाई अध्ययनको मुख्य विषय बनाइएको छ । यस क्रममा किराती कविहरूद्वारा लेखिएका सीमित कविताहरूलाई मात्र लिई अन्य कुनै आधारबाट नभई किराती समुदायले व्यक्त गरेका पर्यावरणीय चेतनालाई पर्यावरणीय सैद्धान्तिक पर्याधारमा आधारित रहेर निर्दिष्ट कविताहरूको विश्लेषण गर्नु यस लेखको सीमा रहेको छ । समसामयिक किराती कविहरूका कवितामा अभिव्यक्त पर्यावरणीय चेतना केलाई पाठकसामु पुऱ्याउनु नै यस लेखको प्रमुख उपादेयता रहेको छ । यो नवीन अध्ययनका लागि पर्यावरणसम्बन्धी विभिन्न विद्वान्हरूका आधारभूत सैद्धान्तिक अवधारणालाई प्रस्तुत गर्दै सोद्देश्य छनोटमा परेका समसामयिक किराती कविहरूका कविताहरूलाई विवेच्य सामग्रीका रूपमा लिई तिनमा पर्यावरणीय चेतना केकस्तो अभिव्यक्त गरिएको छ भन्ने मूल समस्या निर्माण गरेर यसै समस्याको समाधान खोज्नुलाई नै यस लेखको प्रमुख उद्देश्य बनाइएको छ ।

## अध्ययनको विधि

समसामयिक किराती कविहरूद्वारा नेपाली भाषामा लिखित कवितामा अभिव्यक्त पर्यावरणीय चेतनाको निर्क्योल गर्नु नै प्रस्तुत लेखको मुख्य विषय हो । यो अध्ययन साहित्यिक र गुणात्मक भएकाले यसलाई पुस्तकालयीय कार्यद्वारा पूरा गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । यस लेखमा किराती कविहरूद्वारा लिखित पर्यावरणीय आवाज सघन रूपमा अभिव्यक्त भएका आठ ओटा कवितालाई प्राथमिक सामग्रीका रूपमा र पर्यावरणसम्बन्धी सैद्धान्तिक पर्याधारका लागि विभिन्न समालोचनात्मक कृति तथा लेखहरूमा व्यक्त गरेका तत् विषयका विचारलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीको अर्थापनका लागि मुख्यतः सघन पाठविश्लेषणको पद्धति अँगालिएको छ । समग्रतः यस लेखमा पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा आदिवासी किराती कविताहरूलाई सोद्देश्य नमुना छनोटका माध्यमबाट वस्तुगत विश्लेषण गर्दै प्राज्ञिक समस्याको समाधान गरी निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

आफ्नै जातीय भाषा, भूगोल, इतिहास, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज भएका आदिवासी जातिलाई किराती भनिन्छ । आदिमकालदेखि बसोबास गर्दै आइरहेको नेपालको आदिवासी जाति नै किराती हो (राई, मुकारूङ, २०७४, पृ.७) । समग्रमा भन्दा किरात शब्दले राष्ट्रिय तथा अन्तर

ाष्ट्रिय क्षेत्रमा छरिएर बसेका मङ्गोलियन नस्लका विविध जातिलाई जनाउने गरिए तापनि नेपालका सन्दर्भमा राई, लिम्बू, सुनुवार, याक्खा, धिमाल, दनुवार, जिरेल, थामी र हायुलाई किरात भनिए पनि यीमध्ये राई, लिम्बू, सुनुवार र याक्खाले मात्र आफूलाई किरात मानिरहेको पाइन्छ (सुवेदी, २०७८, पृ.७१) । यिनै किरातीहरूका कवितामा अभिव्यक्त भएका पर्यावरणीय प्रतिविम्बनलाई यस अध्ययनमा समेटिएको छ ।

पर्यावरणीय चेतना विशुद्ध प्रकृतिपरक र मानवीय गरी दुई प्रकारका हुन्छन् । प्रकृतिको लागि प्रकृतिको चित्रण विशुद्ध प्रकृतिपरक हो भने प्राकृतिक परिवर्तन र घटनाले जीवजन्तु तथा वनस्पतिमा परेको पीडा र मानवीय जीवनमा ल्याउने क्षतिप्रतिको दूरदर्शिता अनि त्यसबाट बच्ने उपायको खोजी पर्यावरणीय समालोचना हो (त्रिपाठी, २०७२, पृ.१९९) । समकालीन सन्दर्भमा प्रकृतिका ह्रासोन्मुख विविध विषयसँग आबद्ध भएर साहित्यको अध्ययन र विश्लेषण गर्ने नवीन चिन्तन वा पद्धति नै पर्यावरणीय समालोचना हो (त्रिपाठी, २०८०, पृ.१४३) । पर्यावरणले प्रकृति, वातावरण र यसभित्रका जैविक विविधतालाई बुझाउँछ । पश्चिमबाट औपचारिक रूपमा सन् १९९६ बाट सेरिल ग्लटफेल्टीको सम्पादन र संयोजनमा प्रकाशित पुस्तक इकोक्रिटिसिजम रिडरको प्रकाशन भएपछि यस विषयमा विश्वको ध्यान बढी केन्द्रित भएको देखिन्छ । वातावरण विज्ञानसँग निकट सम्बन्ध राख्ने चिन्तन भएकाले पनि पर्यावरणीय लेखन र अनुसन्धानतिर लेखक र समालोचकको ध्यान बढी आकर्षित भइरहेको छ (त्रिपाठी, २०७५, पृ.१४४) । पर्यावरणीय साहित्यचिन्तन र सिर्जनाको आरम्भ मूलतः बिसौँ शताब्दीको उत्तरार्द्धतिरबाट भएकाले नेपालमा पर्यावरणीय साहित्यसम्बन्धी विमर्श र सिर्जनाको आरम्भ पनि पछि भएको हो (गिरी, २०७९, पृ.६४) । पर्यावरणीय समालोचकको जन्म र विकास पनि एक खास पृष्ठभूमिका बिचबाट भएको हो । पुँजीवादी मुलुक तथा साम्राज्यवाद तथा त्यसको आधुनिक रूप भूमण्डलीकरण वा बहुराष्ट्रिय पुँजीवादले आज प्राकृतिक स्रोतको उपभोग र दोहन मात्र गरेको छैन, विश्वको वातावरणलाई नै विषाक्त तुल्याइरहेको छ (भट्टराई, २०७०, पृ.७५) । अनियन्त्रित पुँजीवाद, प्रकृतिको अत्यधिक दोहन, विकासको चिन्ता लाग्दो परिभाषा र त्यस आधारमा आकार ग्रहण गरिरहेको विकासको शैलीजस्ता गतिविधिहरू नै पर्यावरणीय समालोचनाको जन्मको कारकका रूपमा रहेका छन् (नायर, सन्, २०११, पृ.२४१) । पुँजीवादको विकाससँगै मुनाफाको आकाङ्क्षा र उपभोगको चाहनामा अत्यधिक वृद्धि भयो, यसले प्रकृतिको दोहनलाई बढायो । यही पृष्ठभूमिको बिचबाट पर्यावरणीय समालोचनाको विकास भएको थियो (रिग्बी, २००७, पृ. १५१) । पर्यावरणीय समालोचनाको प्रारम्भकर्ता सेरिल ग्लोटफेल्टी (सन् १९९६) का अनुसार पारिस्थितिक पद्धतिअन्तर्गत आउने जैविक प्रक्रियाको समष्टिगत रूप नै पर्यावरण हो । पर्यावरणीय समालोचकले कृतिकारको जीवन, परिवेश र पद्धतिका आधारमा उसले रचना गरेको कृतिमा प्रकट भएका भावको पर्यावरणीय विश्लेषण गर्दछ ।

मानिस जति पर्यावरणको नजिक हुन्छ, त्यति नै उसको जीवन प्राकृतिक र सहज हुन्छ (ग्लोटफेल्टी, सन् १९९६, पृ. XXX) । पर्यावरणीय समालोचनाले परिवर्तित राजनीतिक, सांस्कृतिक सन्दर्भमा प्राकृतिक वातावरणको निर्मितिमा साहित्यको भूमिकाको खोजी पनि गर्छ । पर्यावरणीय समालोचनाले पारिस्थितिक प्रणाली, प्राकृतिक इतिहास र पर्यावरणीय अध्ययनका आधारमा साहित्यको समालोचना गर्दछ । पर्यावरणीय समालोचनाले प्रकृति र मानवबिचको अपरिहार्य सम्बन्धका आधारहरूको सूक्ष्म अध्ययन गर्दछ । प्रकृति र प्राणीबिच स्वाभाविक सम्बन्धहरू निश्चित हुन्छन् ।

मानव पनि समस्त प्राणीवर्गकै एक सदस्य भएकाले प्रकृतिसित मानवको सम्बन्ध स्वतः स्पष्ट हुन्छ (अधिकारी, २०८१, पृ.११०) । साहित्यमा प्रस्तुत भएको प्रकृति र पर्यावरणीय सचेतनाको अध्ययनका क्रममा यसले साहित्यिक पाठमा प्रयुक्त प्रकृति र मानव सम्बन्धको अध्ययन गर्दछ । यस अध्ययनमा पर्यावरणीय संरक्षणको मूलभावलाई केन्द्रमा राखेर मानव र प्रकृतिको सम्बन्धको निचोड निकालिन्छ । पर्यावरणीय सचेतनाका सन्दर्भबाट साहित्यको अध्ययन गरिने हुँदा यसले विश्वव्यापी पर्यावरणीय सङ्कटका आधारमा लेखक, पाठक र विश्वप्रकृतिको सम्बन्धको पनि अध्ययन गर्दछ (त्रिपाठी, २०७०, पृ.९८) । जैविक विविधता र सङ्कटग्रस्त जातिहरु घनिष्ट रूपले सम्बन्धित हुन्छन् । प्रकृतिले नै विविध जीवहरूलाई बासस्थान दिएको छ तर आफू मात्र सुरक्षित भएर बाँच्ने मान्छेको नियोजित र स्वार्थपूर्ण प्रयासहरूका कारण विभिन्न जीवहरु सङ्कटमा परिरहेका छन् (एटम, २०७६, पृ.३१७) । मान्छेले आफ्नै स्वार्थलाई मात्र हेरेर प्रकृतिको उपभोग गर्नु मानवकेन्दी चिन्तन हो । यसलाई पर्यावरणीय समालोचनामा अनैतिक ठानिन्छ र त्यसको आलोचना गरिन्छ (एटम, २०७६, पृ.३१७) । मान्छेले आफूलाई बिजेता र उपभोक्ता दुवै ठान्ने प्रवृत्ति हाबी हुँदै आएको छ अनि प्रकृतिलाई विजेय र उपनिवेश्य वस्तु बनाउन तम्सिरहेको छ । मान्छे र प्रकृतिका बिच मान्छेले नै एउटा दुरी खिच्न थालेकाले विश्व वातावरणमा ठुलो सङ्कट उत्पन्न भइरहेको हो । गहन पर्यावरणले मानव समुदायले प्रकृतिलाई त्यति नै उपभोग गर्नुपर्छ, जति उसको अस्तित्वको रक्षाका निम्ति आवश्यक छ भन्ने दृष्टिकोण प्रस्तुत गर्दै आएको छ (गिरी, २०७९, पृ.६४) । प्रकृतिलाई विशेष ठान्नु र केन्द्रमा राख्नु, समग्र पर्यावरणीय चक्रलाई महत्त्व प्रदान गर्नु, प्रकृति अनुकूल नैतिक मूल्यलाई महत्व दिनु, प्राणीहरूको अधिकारलाई महत्त्व दिएर उठाउनु, अधिक उत्पादन र जनसङ्ख्या वृद्धिको विपक्षमा उभिनु, पारिस्थितिक चेतनाको निर्माण र विकासमा जोड दिनु, प्रकृतिसम्बन्धि पवित्रतावादी दृष्टिकोणलाई अँगाल्नु आदि गहन पर्यावरणका विशेषताहरु हुन् । गहन पर्यावरणवादीहरु मनुष्यमा चेतना र विवेक भएकाले उनीहरूले यसको प्रयोग प्रकृतिसँग सँगसँगै हिँड्न र एकीकृत भएर रहन र समग्र अस्तित्वको रक्षा गर्न सक्नुपर्छ भन्छन् (गिरी, २०७९, पृ.६९) । प्राचीन समयको स्थिर एवम् निर्मल वातावरण तथा त्यसमा आधारित संस्कृति बदलिँदैं, परिवर्तित हुँदै गएपछि विज्ञान र प्रविधिका अनेक चोट र प्रहारले गर्दा आज वातावरणीय सङ्कट उत्पन्न भएको छ, हामी त्यो भोग्ने अवस्थामा पुगेका छौँ (भट्टराई, २०८०, पृ.१८) । आज जुन गतिमा पर्यावरणीय विनाशका कहालीलाग्दा दृश्यहरु जताततै देखिन थालेका छन्, त्यही स्तरमा प्रदूषण, रोगव्याधि, महामारीसँगै भूमण्डलीय उष्मीकरणको ग्राफ पनि उकालो चढिरहेको छ (श्रेष्ठ, २०८१, पृ. १७५) । जसको कारणले गर्दा दिनानुदिन पर्यावरणमा विभिन्न किसिमका अप्ठ्यारा सङ्कटहरु आइरहेका छन् ।

आदिवासी समुदायको आफ्नै किसिमको विशिष्ट पहिचान रहेको हुन्छ । जातीय, लैङ्गिक समानता, सामूहिकता, भाइचारा तथा प्रकृतिसँगको नैरन्तर्य सम्बन्ध र प्रकृतिप्रतिको प्रेम नै आदिवासी संस्कृतिको महत्त्वपूर्ण विशेषता पनि हो । आदिवासी समाजमा रैथाने संस्कृति प्रबल भएको कारण उनीहरु प्रकृतिसँग अत्यधिक नजिक हुन्छन् । आदिवासी जातिहरूको साइनो विशेष गरी जल, जमिन र जङ्गलसँग हुन्छ । त्यसैले उनीहरु पर्यावरण संरक्षणका खम्बा हुनुका साथै प्रकृतिका सच्चा पूजक पनि हुन् । ती आदिवासी जातिहरूमा आफ्नै रैथाने अनुभवको आधारमा पारिस्थितिको ज्ञान हुन्छ (हितान, २०८०, पृ.५२) । विभिन्न वैज्ञानिकहरूले पनि ती आदिवासी समूदायबाट पर्यावरणलाई कसरी जोगाइराख्नु पर्छ भन्ने धेरै कुराहरु सिकिरहेका हुन्छन् ।

पर्यावरणीय समस्याका कारण सबैभन्दा बढी प्रभावित भएको स्थानीय परिवेश र त्यहाँका रैथानेहरूको सङ्कटपूर्ण अवस्था भयप्रद बन्दै गएको देखिन्छ । पर्यावरणीय दृष्टिले विश्व कठिन अवस्थाका बिचबाट अघि बढ्दैछ र पर्यावरणीय सङ्कटलाई समुचित सम्बोधन गर्न नसके आउँदा दिनहरूमा पनि निकै कठिन हुने देखिएको छ (गिरी, २०७९, पृ.६८) । मान्छेको बासस्थान परिवर्तन हुँदा उसका जातीय र विभिन्न सांस्कृतिक सीमाहरू पनि मेटिने भएकाले तिनमा मिश्रण तथा विलयन प्रक्रिया सुरू हुन थाल्छ । यिनै पर्यावरणीय विषयसम्बद्ध भई वातावरणप्रति संवेदनशील र तीव्र सुधारको आकाङ्क्षा स्वरूप प्रस्तुत गरिएका सीमित कविताहरूलाई मात्र छनोट गरी यस अध्ययनमा समावेश गरिएका छन् ।

## किराती कवितामा अभिव्यक्त पर्यावरणीय चेतनाबारे विमर्श

प्रस्तुत लेखमा किराती कविहरूका कविताहरूमा अभिव्यक्त पर्यावरणीय चेतनाबारे अध्ययन गर्न विश्लेष्य कवितामा व्यक्त भएका पर्यावरणका विभिन्न स्वरूपहरूमध्ये प्रकृतिसम्बद्ध संस्कृति, जल, जमिन, जङ्गलसँगको नैरन्तर्य सम्बन्ध र प्राकृतिक विनाशको कारण पर्यावरणमाथि परेको नकारात्मक प्रभावसँग सम्बद्ध पर्यावरणीय चेतनाका विभिन्न स्वरूपलाई यहाँ अलगअलग उपशीर्षक बनाई सूक्ष्म विश्लेषण गरिएको छ :

### *किराती समुदायको प्रकृतिसम्बद्ध सांस्कृतिक चेतना*

आदिवासी किराती समुदायको संस्कृति प्रकृतिसम्बद्ध हुनुका साथै प्रकृतिका सहयात्री र सहजीवी पनि हुनाले उनीहरूलाई प्रकृतिको पुजारी भन्ने गरिन्छ । आदिवासी संस्कृतिको आफ्नै विशिष्ट सांस्कृतिक पहिचान रहेको हुन्छ । उनीहरूले प्रकृतिलाई अत्यन्तै प्रेम गर्छन् । उनीहरूको सांस्कृतिक जीवन रैथाने हुन्छ । उनीहरू सामूहिक भावनाका धनी हुन्छन् । त्यसैले उनीहरूको मौलिक संस्कृति पनि पर्यावरणमैत्री हुन्छ । यही मुख्य विमर्शलाई लिएर कवि अञ्जना इछमफुलले 'बिग्रिएको सपना' शीर्षकको कविता लेखेकी छन् । उनी कवितामा यसरी भन्छिन् :

म त
प्रकृतिलाई पुजिरहने मान्छे
खोलानाला, हावापानी, किटपतङ्ग
सबैलाई माया गरिरहने मान्छे
पितृसँग बल मागेर
बारम्बार ढ्याङ्ग्रो बजाउँदै
कुल पुजिरहन्छु
माफ गर
आजकल मेरो सपनामा तिमी आफ्नै मनको ढ्याङ्ग्रो ठटाउँदै
मबाट टाढा टाढा गइरहेको देख्छु
(अञ्जना इछमफुल, *इतर कविता*, २०७६, बिग्रिएको सपना, पृ.३७७-३७८)

प्रस्तुत कवितांशमा कविले आफू र आफ्नो समुदाय प्रकृति पुजारी भएको यथार्थलाई सुन्दर र रागात्मक ढङ्गमा प्रतिविम्बन गरेकी छन् । खोलानाला, हावापानी, किटपतङ्ग सबैको अस्तित्वलाई

सम्मान गरेको कुरालाई देखाउँदै यसको माध्यमबाट आदिम समयको कालखण्डदेखि नै किराती समुदायहरूको संस्कृति प्रकृतिसँग नजिक रहेको कुरालाई उनले प्रस्ट सङ्केत गरेकी छन् । आदिवासी किराती समुदाय प्रकृतिसँग नजिक रहनु र प्रकृतिको अस्तित्वलाई स्वीकार गर्नु भनेकै उनीहरु पर्यावरणमैत्री हुनाका साथै प्रकृतिको संरक्षक पनि हुन् भन्ने कुराको दाबी यहाँ गरिएको छ ।

आदिवासी किरातीहरूले प्रकृतिलाई श्रद्धापूर्वक पूजा गर्ने भएकाले उनीहरूको संस्कृति, सभ्यता र पहिचान पनि रैथाने संस्कृतिमा आधारित हुन्छ । उनीहरूले गरेको निस्वार्थ प्रेम, आत्मीयता र हार्दिकताले प्रकृति गुलजार हुन्छ र गुलजार प्रकृतिले पनि आदिवासी समुदायप्रति अत्यन्तै सामिप्यता देखाउँछ । यसरी प्रकृति र आदिवासी किराती समुदायबिच सद्भावपूर्ण वातावरण कायम रहन्छ भन्ने विशेष सन्दर्भलाई कवि बलिराज खम्बूले 'सपनाको कुरा' शीर्षकमा यसरी प्रस्तुत गरेका छन् :

उकालै उकालो
म जङ्गलमा पुगेँ
अल्लोका झ्याङहरु मौलाइरहेका थिए
काँडाहरु तिखारिएका थिए
एकान्तझैँ लाग्थ्यो
मधुर स्वरमा
चराहरूले आदिवासी भाका गाइरहेका थिए
बतासले पनि आदिवासी लय हालिरहेका थिए
रूखहरूले पनि आदिवासी गीत रचिरहेका थिए
मैले हेरिरहेँ
यो आदिवासी बस्ती
कति सुन्दर छ
म भित्रभित्रै फक्रिएँ
(बलिराज खम्बू, *कवितामा जातीय स्वायत्तता*, २०६४, सपनाको कुरा, पृ.४७)

कविले आफू प्रकृतिको समीप पुग्दा हर्षले विभोर भई त्यस अवस्थामा प्रकृति पनि अत्यन्तै खुसी भई आफैँसँग सुखी साट्न थालेको उल्लासमय वातावरणको चित्रण गरेका छन् । हावा, माटो, बतास, पानी, रूख बिरूवाजस्ता प्राकृतिक सम्पदाहरूले भरिपूर्ण आदिवासी बस्तीको सुन्दरतालाई प्रस्तुत कवितांशमा रागात्मक शैलीमा प्रतिविम्बन गरिएको छ । प्रकृतिमा भएको लय, भाका र गीतजस्ता कुराहरूको स्वभाविक र सुन्दर संयोजनबाट आदिवासी बस्ती गुलजार हुनाका साथै जीवन्त भएको हो भन्ने मूल भावलाई यहाँ सुन्दर ढङ्गमा अभिव्यञ्जित गरिएको छ ।

आदिवासी किरातीहरु भनेका प्रकृतिका पूजक हुन् त्यसैले उनीहरूको संस्कृति पनि प्रकृतिसम्बद्ध हुन्छ । त्यो संस्कृतिले उनीहरूको रैथाने पहिचानलाई झल्काइरहेको हुन्छ । उनीहरु प्रकृतिसँग साहचर्य गर्दै साधारण किसिमका जीवनयापन गर्छन् भन्ने मूल भाव बनाई विष्णु एस राईले 'पहिचान' शीर्षकमा कविता लेखेका छन् । उनको कविताको अंश यसप्रकार रहेको छ :

म राई किराती हुँ
आदिवासी
म पाप पुण्य जान्दिन
न कुनै प्रभाव हुन्छ ममाथि
कर्मकाण्डको
न मलाई जानु छ
स्वर्ग वा नरक
कुनै देउता–सेउता जान्दिनँ म
म त हुँ प्रकृतिपुत्र
पुर्खा र प्रकृति नै पुज्य हुन्
मेरा लागि
अन्ततः
प्रकृति पुर्खासँग जोडिन्छु
र पुर्खा भई जान्छु
म राई किराती आदिवासी हुँ
(विष्णु एस राई, *वासिम स्युरा*, २०८१, पहिचान, पृ.५६) ।

आदिवासी किरातीहरू मानव सभ्यताको सुरूआत कालदेखि नै प्रकृतिसँग साहचर्य गर्दै किराती सभ्यता बसाउँदै आएका हुनाले उनीहरू प्रकृतिलाई श्रद्धापूर्वक पूजा गर्छन् भन्ने मूल भाव यस कवितामा अभिव्यक्त गरिएको छ । आदिवासी किरातीहरू कुनै कर्मकाण्डप्रति विश्वास नगर्ने, पाप पुण्य, स्वर्ग वा नरक नजान्ने र विशुद्ध प्रकृति र पूर्खालाई मात्र पवित्र मान्ने मूलवासी आदिवासी भनेकै किरातीहरू हुन् भन्ने कुराको दाबी पनि यस कवितामा गरिएको छ । मूलतः किरातीहरू भनेको आदिवासी प्रकृतिका पुत्र भएकाले उनीहरूको हरेक संस्कृति र रहनसहन यहीँ प्रकृतिसँग जोडिने हुनाले उनीहरूको रैथाने संस्कृति र सभ्यता पनि पर्यावरणमैत्री हुन्छ भन्ने कुराको प्रस्ट सङ्केत कवितामा गरिएको छ ।

आदिवासी किरातीहरूले यस भूगोलमा आदिम बस्ती बसाएदेखि नै प्रकृतिसँग साहचर्य गर्दै उनीहरूले आफ्नो संस्कृति र सभ्यतालाई निरन्तरता दिँदै आएका हुन् । त्यही समयदेखि किरात सभ्यताको निर्माण हुँदै आजसम्म आइपुगेको हो भन्ने विमर्शलाई लिएर कवि भूपाल राईले 'आदिम उत्सव' शीर्षकमा कविता लेखेका छन् । उनी कवितामा यसरी भन्छन् :

त्यो आदिम समारोहमा
केही थोपा आदिम रसकै पानीले
जब सर्वाङ्ग भिजाइरहेको थिएँ तिमीलाई
जब खेलिरहेको थिएँ
एक आदिम खेल तिमीमाथि
उसैगरी नाचिरहेका चिए हावाका लस्करहरू
उसैगरी रमाइरहेका थिए पात, पुतलीहरू

गाइरहेका थिए चरा
उत्सव मनाइरहेका थिए
जङ्गली फूल, घाँस र बुट्यानहरू
(भूपाल राई, *यारी*, २०७९, आदिम उत्सव, पृ.१६३) ।

नेपाली सभ्यताको निर्माणका क्रममा आदिम भूमिमा किरातीहरूले प्रकृतिबाट पानी निकालेर बन्जर भूमिलाई उर्बरा बनाई यस धरतीलाई हरीयाली बनाएका हुन् भन्ने अभिव्यक्ति कविले प्रस्तुत कवितांशमा दिएका छन् । बन्जर भूमिमाथि पानीको शीतल थोपाहरू पर्न गएदेखि नै प्रकृति पनि खुसी हुन थालेको हो भन्ने दाबी कविको रहेको छ । यसै गरी यस भूमिमा आदिवासी किरातीहरूले प्रकृतिसँगको सामिप्यता बढाउन थालेपछि नै यहाँका हावा, माटो, पात, पुतली, जङ्गली फूल, घाँस र बुट्यानहरू पनि आदिवासीमैत्री भएर विजय उत्सव मनाउन थालेका हुन भन्ने अभिव्यक्ति कविले दिएका छन् । कवितामा चित्रित यी विभिन्न सन्दर्भहरूका माध्यमबाट आदिवासी किराती समुदायको संस्कृति र चिन्तन प्रकृतिमैत्री भएको यथार्थलाई अभिव्यक्त गरिएको छ । यस अभिव्यक्तिका माध्यमबाट प्रयुक्त कवितामा पर्यावरणीय चेतनालाई महत्त्वका साथ प्रतिविम्बन गरी यसका माध्यमबाट पर्यावरणप्रति सचेत रहनका लागि सम्पूर्ण मानव समुदायलाई विनम्र आग्रह पनि गरिएको छ ।

### *किरातीहरूको जल, जमिनका साथै जङ्गलसँगको नैरन्तर्य सम्बन्ध*

बनजङ्गलमाथि अत्यधिक अतिक्रमण हुँदै गएपछि जमिन सुख्खा भई पर्यावरणमाथि परेको नकारात्मक प्रभावलाई कवि नरेश, काङमाङले 'कविज्यू मेरो कविता तिम्रो हातले जल्नेछ' शीर्षक कवितामा यसरी लेखेका छन् :

हरियो वन नेपालको धन
हेरिरहेछु वनमन्त्रीको आँखामा
उभिएको छ उजाड सहरको बिचमा उसको कार्यालय
उखान तुक्कामा ताली बजाउँदै
सफा पारिए जस्तो
वाग्मती नदी किनार
दिनहुँ मुर्दा खाइरहने
पशुपतिनाथको मन्दिर
सडकमा बलिरहेका टायरहरू
गृहमन्त्रीको अस्रुग्याँस
आँखा मिचिरहेका प्रोफेसरहरू
प्रहरीको लाठीचार्ज
घाइते भएकाहरू पहिचान पक्षधर
र केही आदिवासीहरू
नरेश, काङमाङ, *इतर कविता*, २०७६, कविज्यू मेरो कविता तिम्रो हातले जल्नेछ, पृ.४०१)

प्रस्तुत कवितांशमा बनजङ्गलको विनाश, कार्वन उत्सर्जन, विभिन्न अस्रुग्यास र जतातत

फोहरमैलाले गर्दा वातावरण प्रदूषित भई यसबाट आघात भएका आदिवासी किरातीहरूको अवस्थालाई ध्वनित गरिएको छ । यस्तो किसिमको प्रतिकूल अवस्थाले पनि बनमन्त्रीलाई केही असर नपरेको कुरा देखाई यसको माध्यमबाट सिङ्गो राज्यसत्ता नै पर्यावरणप्रति गैरजिम्मेवार देखिएको यथार्थ कुरालाई यहाँ औँल्याइएको छ । आदिवासी समुदायले आफ्नो पहिचानको माग गर्दै सडकमा बालेको टायरहरूबाट निस्केको धुँवाको कारणले पनि वातावरणलाई नै असर परिरहेको कुरा देखाउँदै यस्तो किसिमको प्रतिकूल अवस्था हुँदाहुँदै पनि राज्य संयन्त्रले उचित सम्बोधन नगरी आफ्नो सत्ता र कुर्सी जोगाउनमा मात्र तल्लीन रहेको विषम परिस्थितिलाई कवितामा उजागर गरिएको छ । मूलतः यसमा सरकार र नागरिकहरु पर्यावरणप्रति सचेत नभएका कारण यसको नकारात्मक असर भोग्न विशेष गरी यहाँका निम्नवर्गीय समुदाय बाध्य भएका छन् भन्ने नेपाली समाजको कटु यथार्थलाई प्रतिविम्बन गरिएको छ ।

खडेरीले जताततै सुख्खा बनाएपछि बन्जर भूमिमा पानीको महत्त्व धेरै हुन्छ भन्ने विमर्शलाई लिएर कवि गीलु रातोसले 'बादलको विम्ब' शीर्षकमा कविता लेखेका छन् । उनको कविता यसप्रकार रहेको छ :

खडेरीले पानीको मुहान सुक्नै लाग्दा
आकाशमा अँध्यारो बादल देखिए भने
मलाई त्यो बादल सुन्दर लाग्छ
के तिमीले कहिल्यै किसानको सपना देख्ने गरेका छौ ?
अथवा सुम्निमाझैँ कलेटी परेर बेहोसीमा
सृष्टिको अर्को अध्याय थप्नुपर्ने भूमिका सम्हालेका छौ ?
(गीलु रातोस, सिलीदुङ, २०८०, बादलको विम्ब, पृ.५३-५४)

किसानहरूका निमित्त घाम, पानी र हावा महत्त्वपूर्ण हुन्छ भन्ने यथार्थ कुरालाई कविले बोध गरेका छन् । त्यसैले सुन्दर विम्बहरूको संयोजनबाट किसानहरूको पर्यावरणसम्बद्ध सामूहिक चेतनालाई यहाँ स्वर दिएका छन् । समयमा पानी परेन भने श्रममा सपना देख्ने किसानहरूको सपना चक्नाचुर हुन्छ र खडेरीसँगै ती किसानहरूका कल्कलाउँदा सपनाहरु सुकेर पतकर झैँ हुन पुग्छन् भन्ने भाव कविले व्यक्त गरेका छन् । यस्तो संवेदनशील विषयहरूले कविलाई आघात बनाएको कारण यही सन्दर्भहरूलाई उनले रागात्मक र प्रभावकारी ढङ्गबाट उजागर गरेका छन् । किरातीहरूको प्रकृतिसँगको साहचर्य भएको कारण प्रकृतिको दुःखमा उनीहरु पनि दुःखी हुने र प्रकृतिको सुखमा उनीहरु पनि सुखी हुने आदिवासी किरातीहरूको आदिम स्वभाव रहेको हुन्छ भन्ने कुरालाई प्रस्तुत कवितांशमा व्यक्त गरिएको छ । घाम, पानी, बादल, हावाजस्ता प्राकृतिक कुराहरु आदिवासी समुदायका लागि महत्त्वपूर्ण हुन्छन् भन्ने कुरालाई प्रस्तुत कवितांशमा देखाउँदै यस्ता कुराहरूका माध्यमबाट आदिवासी किरातीहरूको जल, जमिन र जङ्गलसँगको अन्योन्याश्रित सम्बन्धलाई अभिव्यञ्जित गरिएको छ ।

### *प्राकृतिक विनाशको कारण पर्यावरणमाथि परेको नकारात्मक प्रभाव*

बनजङ्गल विनाशको कारण पर्यावरणमाथि परेको नकारात्मक प्रभावलाई प्रतिविम्बन गर्दै कवि मनप्रसाद सुब्बाले 'ती जङ्गलकाहरु' शीर्षकमा कविता लेखेका छन् । उनको कविता यसप्रकार रहेको छ :

हो, जङ्गलकै हुन तिनीहरु
सहरे सुविधासँग के सरोकार तिनीहरूलाई ?
यति हो कि तिनीहरूको जङ्गल तिनीहरूसितै रहोस्
तिनीहरु सहर भत्काउन कहिल्यै आउँदैनन्
तर तपाई चैँ किन पठाइरहनुहुन्छ तपाईका कर्पोरेट प्रतिनिधिहरु
तिनीहरूको बास भत्काउन ?
तिनीहरूलाई उखेल्न ?
यो धरती कसको ?
ती प्राचीन आदिवासीको
कि तपाईको मसिनको ?
हो, तिनीहरु जङ्गलमा बस्छन्
अनि जङ्गल तिनीहरूमा बस्छ

(मनप्रसाद सुब्बा, *मनप्रसाद सुब्बाका प्रतिनिधि कविताहरु*, २०७४, ती जङ्गलकाहरु, पृ.२१९)

पर्यावरणीय समस्याका कारण सबैभन्दा बढी प्रभावित भएको स्थानीय परिवेश र त्यहाँका आदिवासी रैथानेहरूको सङ्कटपूर्ण अवस्था भयप्रद बन्दै गएको अवस्थालाई प्रस्तुत कवितांशमा अभिव्यञ्जित गरिएको छ । पर्यावरणीय दृष्टिले विश्व कठिन अवस्थाका बिचबाट अघि बढिरहेको र यो पर्यावरणीय सङ्कटलाई समुचित ढङ्गबाट सम्बोधन गर्न सकिएन भने आउने दिनहरूमा मानव समुदायले निकै कठिन भोग्नुपर्ने छ भन्ने कुराको आकलन पनि यहाँ गरिएको छ । विश्वमा मौलाएको पुँजीवादी चिन्तन र प्रवृत्तिको कारण आदिवासी बस्तीहरु, बनजङ्गलहरु, आदिवासीका मौलिक पहिचानका साथै उनीहरूका रैथाने संस्कृतिहरु लोप हुँदै गइरहेको छ भन्ने कुरालाई कविले औँल्याएका छन् । यसै गरी आदिम सभ्यताका क्रममा प्रकृतिसँग साहचर्य गर्दै आदिवासी समुदायले नै यस भूमिमा बस्ती बसालेका हुन् भन्ने राय प्रस्तुत गरिएको छ । कालान्तरमा प्रभुत्वशाली वर्गले आफ्नो वर्चस्वका माध्यमबाट प्रकृतिलाई आफ्नो फाइदाको लागि चरम उपभोग गर्न थालेपछि क्रमशः पर्यावरणमाथि विभिन्न सङ्कटहरु बढ्दै गएको हो भन्ने अभिव्यक्ति कविले दिएका छन् । आदिवासीहरूको संस्कृति रैथाने, प्रकृतिमैत्री र प्रकृतिलाई प्रेम गर्ने हुनाले उनीहरु सहरीया, भौतिक सुविधाभन्दा साधारण जीवन व्यतित गर्न मन पराउँछन् भन्ने यथार्थलाई कवितामा व्यक्त गरिएको छ । आदिवासी किरातीहरूलाई सरल र रैथाने जीवन अति प्रिय लाग्ने हुनाले आदिवासी जीवनशैली जस्तो किसिमको छ त्यस्तै रहन दिनको लागि कविले सबैमा याचना पनि गरेका छन् ।

मानव समुदायले प्रकृतिमाथि गरेको अत्यधिक दोहनका कारण खडेरी लागेर पर्यावरणमा परेको नकारात्मक प्रभावका कारण जलवायु परिवर्तनले ल्याएको समस्याका बारेमा गहिरो चिन्तन गर्दै कवि करूणा राईले 'जलदेवि' शीर्षकमा कविता लेखेकी छन् । उनी यसरी भन्छिन् :

खडेरीसँगको मुठभेटमा
क्षत-विक्षत भएर बादल
वर्षामा पनि
निथ्रुक्क हुन असमर्थ छ

प्यासले प्याकप्याक बनेर
खसेका छन् पातहरु हाँगाहरुबाट
आगो ओकलेर जुलुस लगाउँदै छन्
ढुङ्गा, माटो र बगरहरु
सन्त्रासको आँधीले कुटेर
आधापिल्ठो भएको छ– आदिवासी जङ्गल
आफूजत्रै आगोको भकुन्डो घिसार्दै
आकाश फन्को लगाउँछ– घाम
मूल सुकेर निर्मूल भएको छ
धुलोमा विलुप्त भएका छन्– जलपरीहरु
(करूणा राई, *रसिया राग*, २०७९, जलदेवी, पृ.८४–८५)

वर्षायाममा पनि पानी नपरेर जमिन सुख्खा भई बोटविरूवाहरु मर्न थालेको प्रतिकूल मौसमलाई कविले महत्त्वका साथ उजागर गरेका छन् । ढुङ्गा, माटो र बगरहरु पनि पानीको अभावमा सुख्खा हुँदै गएको कारण आदिवासी जङ्गल आहत बनेको कुरालाई कवितामा अभिव्यञ्जित गरिएको छ । वास्तवमा यो परिस्थिति सिर्जना हुनुको पछाडि मानववीय गतिविधि नै हो । यस सन्दर्भलाई लिएर यहाँ यसरी लेखिएको छ : पुँजीवादको विकाससँगै मुनाफाको आकाङ्क्षा र उपभोगको चाहनामा अत्यधिक वृद्धि भयो, यसले प्रकृतिको दोहनलाई बढायो । मान्छे र प्रकृतिका बिच मान्छेले नै एउटा दुरी खिच्न थालेकाले विश्व वातावरणमा सङ्कट उत्पन्न भएको हो (एटम, २०७६, पृ. ३१७) । एटमले भनेझैँ पुँजीवादको विकाससँगै प्रकृतिलाई चरम दोहन गर्ने मानवीय स्वभावले गर्दा पर्यावरणमाथि ठुलो सङ्कट आइपरेको कुरा भने सत्य हो । त्यसैले समयमै यस समस्यालाई उचित र संयम तरिकाले सम्बोधन गर्न सकिएन भने यस धरतीमा भएका मानव समुदायले ठुलो क्षति भोग्नुपर्ने छ भन्ने कुराको स्पष्ट सङ्केत प्रस्तुत कवितांशमा गरिएको छ ।

## निष्कर्ष

समसामयिक किराती कविहरुद्वारा लिखित सोद्देश्य नमुना छनोटका परेका कविताहरुको विश्लेषण गर्दा यसमा प्रकृतिसम्बद्ध संस्कृति, जल, जमिन र जङ्गलसँगको नैरन्तर्य सम्बन्ध र प्राकृतिक विनाशको कारण पर्यावरणमाथि परेको नकारात्मक प्रभावसँग सम्बद्ध पर्यावरणीय चेतनालाई अभिव्यक्त गरिएको छ । यसै गरी चार ओटा कवितामा किरातीहरुको प्रकृतिसम्बद्ध संस्कृति, दुई ओटा कवितामा किरातीहरुको जल, जमिनका साथै जङ्गलसँगको नैरन्तर्य सम्बन्ध तथा दुई ओटा कवितामा प्राकृतिक विनाशको कारण पर्यावरणमाथि परेको नकारात्मक प्रभावसम्बद्ध पर्यावरणीय चेतना सशक्त किसिमले अभिव्यक्त भएको पाइएको छ । बढ्दो औद्योगीकरण, पुँजीवादी अर्थसभ्यता र उग्र मानवकेन्दी सोचका कारण पर्यावरण प्रदूषण र असन्तुलनले मानव जीवन र समग्र जैविक संरचना र पद्धतिमै सङ्कट आउन थालेको छ । यस्तो पर्यावरणीय समस्याका कारण सबैभन्दा बढी प्रभावित भएको स्थानीय परिवेश र त्यहाँका आदिवासी किराती रैथानेहरुको संस्कृति हो भन्ने यथार्थलाई विश्लेषित कवितांशहरुबाट प्रस्ट पारिएको छ । पर्यावरणीय दृष्टिकोणले विश्व कठिन अवस्थाका बिचबाट अघि बढ्दैछ र पर्यावरणीय सङ्कटलाई समुचित ढङ्गबाट सम्बोधन गर्न नसके आउँदा दिनहरुमा

विभिन्न वातावरणीय समस्याहरू बढ्दै जानेछ भन्ने सत्यतालाई किराती कविताहरूमा स्पष्ट पारिएको छ । किरातीहरूको प्रकृतिसम्बद्ध संस्कृति उपशीर्षकमा किरातीहरूको संस्कृति प्रकृतिमैत्री हुन्छ भन्ने भावलाई अभिव्यक्त गरिएको छ । साथै कवितामा आदिवासी किरातीहरूको प्रकृतिसँगको अन्योन्याश्रित सम्बन्ध र पारम्परिक रैथाने संस्कारप्रतिको अखण्डित आस्थालाई पनि सुन्दर र कलात्मक ढङ्गबाट अभिव्यञ्जित गरिएको छ । किरातीहरूको जल, जमिन र जङ्गलसँगको नैरन्तर्यसम्बद्ध पर्यावरणीय चेतना उपशीर्षकमा किरातीहरूका धर्म, संस्कारदेखि लिएर सबै रीतिथिती गर्नुपर्दा प्रकृतिलाई नै आधार लिई जल, जमिन र जङ्गलजस्ता महत्त्वपूर्ण प्राकृतिक सम्पदालाई अँगालेर गरिने विशेष सन्दर्भलाई कवितामा अभिव्यञ्जित गरिएको छ । सामन्तवादी एकल राज्यसत्ताले आदिवासी किराती रैथाने संस्कृति र उनीहरूका आदिम सभ्यतामाथि महत्त्व नदिएकोमा स्वयम् किरातीहरू पर्यावरणमैत्री भई आफ्नो रैथाने पहिचान र सांस्कृतिक सभ्यताका लागि निरन्तर सङ्घर्ष गरिरहनुपर्ने सन्दर्भलाई कवितामा अभिव्यक्त गरिएको छ । प्राकृतिक विनाशको कारण पर्यावरणमाथि परेको नकारात्मक प्रभावसम्बद्ध पर्यावरणीय प्रतिविम्बनमा नेपालको इतिहासमा खस/आर्य शासकहरूको एकात्मक राज्य नीतिले आदिवासी किरातीहरूको रैथाने जीवनशैलीलाई प्राथमिकता नदिएको कारणले आदिवासी किरातीहरूको बस्ती उजाड बन्दै गइरहेको सन्दर्भलाई केलाउँदै रैथाने आदिवासी मौलिक शब्दहरूका साथै विभिन्न पर्यावरणमैत्री भाषाहरूको प्रयोगलाई व्यापक रूपले अँगालेर मौलिक रैथाने सभ्यता र अस्तित्व स्थापित गर्न उत्प्रेरित गरिएको सन्दर्भ पुष्टि भएको छ । पर्यावरणको अस्तित्व रक्षा गरी आदिवासी किराती सभ्यता र संस्कृतिको विशिष्ट पहिचान स्थापित गर्नुपर्नेमा कविहरूको जोड रहेको छ, अन्ततः किराती कविहरू पर्यावरणका वाहक बनेर बिम्बात्मक र व्यङ्ग्यात्मक शैलीमा चेतनाका स्तरमा पर्यावरण चेतनाका परिप्रेक्ष्यबाट सशक्त र प्रभावशाली कविहरूका रूपमा स्थापित भएका छन् भन्ने तथ्य विश्लेषित कवितांशहरूबाट पुष्टि भएको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, रूपक (२०८१), पृथिवीसूक्तमा पर्यावरणीय चेतना, *के. एम. सी. नेपाली जर्नल,* ५(५) पृ. १०९-११७) ।

इछमफुल, अञ्जना (२०७६), बिग्रिएको सपनाको कथा. *इतर कविता*, सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौँः इतर अभियान ।

एटम, नेत्र (२०७६), पर्यावरणीय समालोचना, *रत्न बृहत् नेपाली समालोचना*, (सैद्धान्तिक खण्ड) सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँः रत्न पुस्तक भण्डार, पृ. ३१०-३३२ ।

काङमाङ, नरेश (२०७६), कवि ज्यू मेरो कविता तिम्रो हातले जल्नेछ, *इतर कविता*, सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौँः इतर अभियान ।

खम्बू, बलिराज (२०६४), सपनाको कुरा, *कवितामा जातीय स्वायत्तता*, सम्पा. किरात राई लेखक सङ्घ, प्रकाशनः किरात राई यायोक्खा केन्द्रीय कार्यालय काठमाडौँ, पृ.४७-४८ ।

गिरी, अमर (२०७९), पर्यावरण, पर्यावरणीय दृष्टिकोण र समालोचना, *प्रवर्तक*, ८(८) पृ. ६४- ८९) ।

त्रिपाठी, गीता (२०७०), सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तर्सम्बन्ध, *भृकुटी*, पूर्णाङ्क-१९, पृ. ९२-१०२ ।

त्रिपाठी, गीता (२०७२), समकालीन नेपाली कवितामा पर्यावरण, *प्रज्ञा समकालीन नेपाली कविताविमर्श*, सम्पा. अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम, काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान ।
त्रिपाठी, गीता (२०७५), *पर्यावरण र नारीकेन्द्री समालोचना*, प्रकाशकः दिल पौडेल ।
त्रिपाठी, गीता (२०८०), समकालीन नेपाली कवितामा पर्यावरण, पर्या साहित्य सिद्धान्त र सिर्जना, सम्पा. गोविन्दराज भट्टराई र विजय हितान, काठमाडौँः सम्पूर्ण किताब ।
भट्टराई, रमेशप्रसाद (२०७०), *समय-सौन्दर्य, पर्यावरण र कविता,* प्रकाशकः विवेक सिर्जनशील प्रकाशन प्रा. लि ।
भट्टराई, गोविन्दराज (२०८०), इको-साहित्य/परिवृत्तीय र मूल्याङ्कन, *पर्या साहित्य सिद्धान्त र सिर्जना*, सम्पा. गोविन्दराज भट्टराई र विजय हितान, काठमाडौँः सम्पूर्ण किताब ।
रातोस, गीलु (२०८०), *सिलीदुङ,* काठमाडौँः थेबा-ला पब्लिकेशन ।
राई, करूणा (२०७९), *रसिया राग*, काठमाडौँः रत्न पुस्तक भण्डार ।
राई, भूपाल (२०७९), *यारी*, काठमाडौँः फिनिक्स बुक्स ।
राई, मुकारूङ (२०७४), *किरात राई मुन्दुमको समाजशास्त्रीय तथा सङ्गीतशास्त्रीय अध्ययन*, प्रकाशकः नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान काठमाडौँ ।
राई, विष्णु एस राई (२०८१), *वासिम स्युरा*, प्रकाशकः सगुण-आसरा प्रकाशन ।
रिग्बी, क्याट (२००७), *इकोक्रिटिसिजम इन्ट्रोड्युसिङ क्रिटिसिजम एट द ट्वेन्टी फ्रस्ट सेन्च्युरी*, एडिनबराः एडिनबरा युनिभर्सिटी प्रेस ।
श्रेष्ठ, अविनाश (२०८१), पृथ्वी, प्रकृति, पर्यावरण र पारिस्थितिकीको पक्षमा, *करोडौँ सूर्यहरूको अन्धकार,* (दोस्रो संस्क.), प्रकाशकः माया पब्लिकेसन प्रा.लि ।
सुब्बा, मनप्रसाद (२०७४), *मनप्रसाद सुब्बाका प्रतिनिधि कविताहरू* प्रकाशकः बुकआर्ट नेपाल ।
सुवेदी, धनप्रसाद (२०७८), समकालीन नेपाली कवितामा जनजातीय बिम्ब, विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरमा प्रस्तुत अनुसन्धान प्रतिवेदन ।
हितान, विजय (२०८०), पर्यावरण साहित्यः आजको आवश्यकता र महत्त्व, *पर्या साहित्य सिद्धान्त र सिर्जना*, सम्पा. गोविन्दराज भट्टराई र विजय हितान, काठमाडौँः सम्पूर्ण किताब ।
Nayar, Pramod K. (2011). *Contemporary Literary and cultural Theory.* Delhi : Longdan.